# हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको

# प्रबन्धपत्र, २०६८

## (एघारौं संशोधन, २०७९ सहित)

अर्थ मन्त्रालय

सिंहदरबार

२०६८, असार

अनुसूची—११

(दफा १८ को उपदफा (६) संग सम्बन्धित)

कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित

# हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको

## प्रबन्धपत्र

१. **कम्पनीको नामः** यस कम्पनीको नाम **“हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड”** हुनेछ। जसलाई अंग्रेजीमा **“Hydroelectricity Investment and Development Company Limited”** भनिनेछ।[१]

२. **कम्पनीको रजिष्ट्र्ड कार्यालय रहने ठेगानाः** यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ३१ मा रहनेछ।[२]

३. **कम्पनीले गर्ने व्यवसाय वा कारोवारको प्रकृतिः** कम्पनीले नेपालको जलविद्युत तथा नवीकरणीय ऊर्जाको विकासका लागि आवश्यक पर्ने पूँजीको आपूर्ति गर्नका लागि दीर्घकालीन प्रकृतिका पूँजी परिचालन गर्ने र त्यसरी उपलव्ध हुने वित्तीय श्रोतलाई आर्थिक एवम् प्राविधिक रुपले सम्भाव्य जलविद्युत तथा नवीकरणीय ऊर्जासँग सम्बन्धित परियोजनाहरुको शेयरमा लगानी तथा ऋण प्रवाह गर्ने प्रकृतिको कारोबार गर्नेछ।[३]

४. **कम्पनीको उद्देश्यहरुः** (१) यस कम्पनीको उदेश्यहरु देहाय बमोजिम हुनेछः[४]

(क) जलविद्युत तथा नवीकरणीय ऊर्जाको उत्पादन, प्रसारण, वितरण तथा व्यापार गर्ने परियोजना वा सङ्गठित संस्थामा शेयर वा ऋण लगानी गर्ने।

(ख) बैंक, वित्तीय संस्था, गैह्र बैंकिङ्ग वित्तीय संस्था एवम् अन्य निकायहरुसँगको सहकार्य तथा सहभागितामा जलविद्युत तथा नवीकरणीय ऊर्जाको उत्पादन, प्रसारण, वितरण तथा व्यापार गर्ने परियोजना वा सङ्गठित संस्थामा लगानी गर्ने।

(ग) जलविद्युत तथा नवीकरणीय ऊर्जाको उत्पादन, प्रसारण, वितरण तथा व्यापार गर्ने परियोजना वा सङ्गठित संस्थामा वित्तीय लगानी गर्ने प्रयोजनका लागि विदेशी संस्थाबाट लगानी, ऋण तथा अनुदान प्राप्त गर्ने।

---

[१] सातौं संशोधन, २०७४ बाट संशोधन गरिएको।

[२] एघारौ संशोधन, २०७९ बाट संशोधन गरिएको।

[३] दशौं संशोधन, २०७८ बाट संशोधन गरिएको।

[४] दशौं संशोधन, २०७८ बाट संशोधन गरिएको।

(घ) कम्पनीले आफ्नो नामबाट बण्ड, डिबेञ्चर लगायतका ऋणपत्रहरु तथा सर्टिफिकेट अफ डिपोजिटजस्ता वित्तीय उपकरणहरु जारी गरी दीर्घकालीन प्रकृतिको पूँजी परिचालन गर्ने।

(ङ) जलविद्युत तथा नवीकरणीय ऊर्जासँग सम्बन्धित परियोजनाका लागि जारी हुने बण्ड, डिबेञ्चरजस्ता ऋणपत्रमा कम्पनीले लगानी गर्ने।

(च) जलविद्युत तथा नवीकरणीय ऊर्जासँग सम्बन्धित परियोजनाहरुको मूल्यांकनको लागि प्राविधिक जनशक्तिको सीप र दक्षता अभिवृद्धि गर्ने।

(छ) आफ्नो स्वामित्वमा सहायक कम्पनी स्थापना गरी जलविद्युत तथा नवीकरणीय ऊर्जाको उत्पादन, प्रसारण, वितरण तथा व्यापार गर्ने परियोजना लिई लगानीकर्ता जुटाउने।

(ज) सम्बन्धित निकायको स्वीकृतिमा सामुहिक लगानी कोष स्थापना एवम् सञ्चालन गर्ने।

(झ) जलविद्युत तथा नवीकरणीय ऊर्जा क्षेत्रको विकासका लागि नेपाल सरकारद्वारा सञ्चालित पूँजी संकलनका कार्यक्रम वा योजनाहरुको कोष व्यवस्थापकको रुपमा कार्य गर्ने।

(ञ) ऊर्जासँग सम्बन्धित अध्ययन, अनुसन्धान, परामर्श लगायतका सेवा प्रदान गर्ने एवम् त्यस्तो सेवाप्रदायक कम्पनीमा शेयर वा ऋण लगानी गर्ने।

(२) कम्पनीले उपदफा (१) बमोजिमको उद्देश्य कार्यान्वयन गर्न प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गर्नु पर्ने भएमा सो प्राप्त भएपछि मात्र आफ्नो कारोबार प्रारम्भ गर्नेछ।

(३) उपदफा (१) मा उल्लिखित उद्देश्यका सम्बन्धमा अनुमति वा इजाजत प्राप्त गरेको पन्ध्र दिनभित्र त्यस्तो अनुमति वा इजाजतपत्रको प्रतिलिपि कम्पनी रजिष्ट्रारको कार्यालय (यसपछि कार्यालय भनिएको) मा पेश गरिनेछ।

५. <u>कम्पनीको उद्देश्य प्राप्त गर्न गरिने कामहरु:</u> यस कम्पनीले दफा ४ बमोजिमका उद्देश्य प्राप्त गर्न देहायका कामहरु गर्न सक्नेछः—

(क) कम्पनीलाई आवश्यक पर्ने जग्गा, भवन, सवारी साधन र आवश्यक उपकरण खरिद गर्ने वा भाडामा लिई प्रयोग गर्ने।

(ख) कम्पनीलाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवाका शर्तहरु निर्धारण गर्ने।

(ग) कम्पनीको नाममा बैंकमा खाता खोल्ने र सञ्चालन गर्ने।

(घ) कम्पनीलाई आवश्यक पर्ने रकम बैंक वा कुनै वित्तीय संस्थाबाट कम्पनीले धितो राखी वा नराखी ऋण लिने।

(ङ) कम्पनीको नामबाट शेयर, डिवेन्चर वा वण्ड वा ऋणपत्र खरिद गर्ने र त्यसलाई विक्री गर्ने।

(च) कम्पनीले आर्थिक एवं प्राविधिक रुपले सम्भाव्य जलविद्युत तथा नवीकरणीय ऊर्जाको उत्पादन, प्रसारण, वितरण तथा व्यापारको निम्ति वित्तीय साधन लगानीका लागि कम्पनीसमक्ष पेश हुन आउने विस्तृत परियोजना अध्ययन प्रतिवेदन विश्लेषण गरी उपयुक्तताको आधारमा त्यस्तो परियोजनामा लगानी गर्ने।[५]

(छ) कम्पनीले आफूलाई आवश्यक पर्ने वित्तीय श्रोत जुटाउने क्रममा प्रचलित कानूनको रित पुऱ्याई कम्पनीको नामबाट बण्ड, डिवेञ्चर तथा ऋणपत्र जारी गर्ने।

(ज) कम्पनीले आफूलाई आवश्यक पर्ने वित्तीय श्रोत जुटाउने क्रममा प्रचलित कानूनको रित पुऱ्याई गैर-आवासीय नेपाली, विदेशी वित्तीय संस्था, विदेशी संस्थाहरुबाट विदेशी मुद्रामा ऋण सापटी तथा अनुदान प्राप्त गर्ने।

(झ) कम्पनीले स्वदेशी वा विदेशी सङ्गठित संस्थाहरुसंगको संयुक्त लगानीमा जलविद्युत तथा नवीकरणीय ऊर्जासँग सम्बन्धित परियोजनामा संस्थापक शेयरधनीको रुपमा लगानी गर्ने।[६]

(ञ) नेपाली नागरिक तथा गैर आवासीय नेपालीबाट कम्तीमा १० लाख रुपैयाका दरले तथा विदेशी वा स्वदेशी संगठित संस्थाबाट कम्तीमा नेपाली रुपैया १ करोडका दरले ५ वर्ष वा सो भन्दा बढी अवधिको लागि सर्टिफिकेट अफ डिपोजिट जारी गरी वा अन्य कुनै किसिमको ऋणपत्र वा वण्ड वा डिवेन्चर जारी गरी दीर्घकालिन श्रोत परिचालन गर्ने।[७]

(ट) कम्पनीले नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त गरी जलविद्युत तथा नवीकरणीय ऊर्जासँग सम्बन्धित परियोजनामा प्रत्यक्ष वा कुनै बैंक वा वित्तीय संस्था मार्फत अप्रत्यक्ष वा अनलेण्डिङ्ग रुपमा ऋण प्रवाह गर्ने।[८]

(ठ) जलविद्युत तथा नवीकरणीय ऊर्जासँग सम्बन्धित परियोजनाको प्रवर्द्धनका लागि नेपाल सरकार वा अन्य स्वदेशी वा विदेशी निकायबाट प्राप्त भएको रकम ऋणको रुपमा प्रवाह गर्ने वा ऋण व्यवस्थापन गर्ने।[९]

(ड) कम्पनीले आवश्यकता महसुस गरेमा कम्पनीको हितको निम्ति केही समयको लागि आफ्नो व्यवस्थापनको केही वा सबै महत्वपूर्ण कामको जिम्मा कुनै व्यवस्थापन समूहलाई दिन सक्नेछ।

---

[५] दशौं संशोधन, २०७८ बाट संशोधन गरिएको।

[६] दशौं संशोधन, २०७८ बाट संशोधन गरिएको।

[७] पहिलो संशोधन, २०६८ बाट संशोधन गरिएको।

[८] दशौं संशोधन, २०७८ बाट संशोधन गरिएको।

[९] दशौं संशोधन, २०७८ बाट संशोधन गरिएको।

(ढ) कम्पनीले आफ्नो काममध्ये कुनै काम सम्पन्न गर्न व्यक्तिगत वा समूहगत परामर्शदाता नियुक्त गरी काम लगाउन सक्नेछ।

(ढ१) कम्पनीले जलविद्युत तथा नवीकरणीय ऊर्जासँग सम्बन्धित आयोजनाहरु आफ्नो स्वामित्वमा लिई सम्भाव्यता अध्ययन, वातावरणीय प्रभाव मुल्याङ्कन, विस्तृत अध्ययन गरी वा गराई निर्माण गर्न आवश्यक कार्यहरु गर्ने।[१०]

(ण) प्रचलित कानूनको अधिनमा रही प्रबन्धपत्रमा संशोधन गरी संस्थाको उद्देश्य प्राप्त गर्नका लागि गर्नु पर्ने अन्य आवश्यक कार्यहरु गर्ने।

६. <u>कम्पनीको पुँजीको संरचना:</u>[११] कम्पनीको पुँजीको संरचना देहाय बमोजिम हुनेछः

(क) कम्पनीको अधिकृत पूँजी रु. ५०,००,००,००,०००।- (अक्षरेपी पचास अर्ब रुपैयाँ) हुनेछ। सो पूँजीलाई प्रति शेयर रु. १००।- (अक्षरेपी एकसय रुपैयाँ) दरका ५०,००,००,००० (पचास करोड) थान साधारण शेयरमा विभाजन गरिएको छ।

(ख) कम्पनीको तत्काल जारी शेयर पूँजी रु. २४,५५,९८,१३,४००।- (अक्षरेपी चौबिस अर्ब पचपन्न करोड अन्ठानब्बे लाख तेह्र हजार चार सय रुपैयाँ) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १००।- (अक्षरेपी एकसय रुपैयाँ) दरका २४,५५,९८,१३४ (चौबिस करोड पचपन्न लाख अन्ठानब्बे हजार एक सय चौतिस) थान साधारण शेयरमा विभाजन गरिएको छ।

(ग) कम्पनीका संस्थापकहरुले तत्काल चुक्ता गर्न कबुल गरेको पूँजी रु. १९,५७,०२,१३,४००।- (अक्षरेपी उन्नाइस अर्ब सन्ताउन्न करोड दुई लाख तेह्र हजार चार सय रुपैयाँ) र सर्वसाधारणले चुक्ता गर्न कबुल गरेको पूँजी रु. ४,९८,९६,००,०००।- (अक्षरेपी चार अर्ब अन्ठानब्बे करोड छयानब्बे लाख रुपैयाँ) हुनेछ।

(घ) संस्थापक शेयरधनीहरुलाई समूह "क" मा बर्गीकरण गरिएको छ र यो समूहको शेयर स्वामित्व ८० प्रतिशत हुनेछ। यो समूहलाई देहाय बमोजिम २ वटा उपसमूहमा विभाजन गरिएको छः

| क्र.सं. | शेयरधनीको विवरण | शेयर संख्या (कित्ता) |
|---|---|---|
| | उपसमूह क-१ | |
| १. | नेपाल सरकार, अर्थ मन्त्रालय | ४,९८,९६,००० |
| २. | नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय | २,४९,४८,००० |

[१०] दशौं संशोधन, २०७८ बाट संशोधन गरिएको।

[११] एघारौ संशोधन, २०७९ बाट संशोधन गरिएको।

| | | |
|---|---|---|
| ३. | नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | २,४९,४८,००० |
| ४. | नेपाल सरकार, महालेखा नियन्त्रकको कार्यालय | २,४९,४८,००० |
| | उपसमूह क-२ | |
| ५. | कर्मचारी सञ्चय कोष | १,२४,७४,००० |
| ६. | राष्ट्रिय वीमा संस्थान | १,२४,७४,००० |
| ७. | नागरिक लगानी कोष | १,२४,७४,००० |
| ८. | अन्य संस्थापक | ३,३५,४०,१३४ |

(ङ) सर्वसाधारणमा बिक्री गरिने शेयर खरिद गर्ने शेयरधनीलाई समूह "ख" मा वर्गीकरण गरिएको छ। यो समूहको शेयर स्वामित्व कम्पनीको जारी पूँजीको बीस प्रतिशत हुनेछ।

(च) जुन समूह, उपसमूहको शेयर खरिद गरेको हो सो खरिद गर्ने ब्यक्ति/संस्था/निकायलाई सोही समूह, उपसमूहमा राखिनेछ।

(छ) प्रचलित कानूनको अधिनमा रही कम्पनीले आफ्नो पूँजी तथा स्वामित्वको संरचनामा हेरफेर गर्न सक्नेछ।

७. <u>कम्पनीको शेयरको किसिमः</u> कम्पनीले दुई किसिमको शेयरको ब्यवस्था गरेको छ।[१२]

(क) साधारण शेयर

(ख) अग्राधिकार शेयर

८. <u>शेयर खरिद वा हस्तान्तरण गर्न कुनै बन्देज रहेको भए सो कुराः</u>

(क) कम्पनीले कारोबार प्रारम्भ गरेको मितिले पाँच वर्षसम्म समुह "क" मा रहेको संस्थापक शेयरधनीहरुको शेयर बेचविखन गर्न वा धितोबन्धक राख्न पाइने छैन।[१३]

तर, प्रचलित कानूनको रित पुऱ्याई विद्यमान शेयर संरचनामा परिवर्तन गरी नयाँ संस्थापक थप गर्न यस व्यवस्थाले बाधा पार्ने छैन।

(ख) नेपाल सरकारको स्वामित्वमा रहेको शेयर नेपाल सरकार मन्त्रिपरिषद्को स्वीकृति बेगर बेचविखन तथा हक हस्तान्तरण गर्न पाइने छैन।

(ग) शेयर हस्तान्तरण सम्बन्धी अन्य कुराहरु प्रचलित कानूनमा तोकिए बमोजिम हुनेछ।

९. <u>शेयर वापतको रकमको भुक्तानीः</u> (१) कम्पनीले आफ्नो आवश्यकतानुसार सञ्चालक

---

[१२] पहिलो संशोधन, २०६८ बाट संशोधन गरिएको।

[१३] आठौं संशोधन, २०७५ बाट संशोधन गरिएको।

समितिको बैठकबाट निर्णय गरी शेयर वापतको रकम आंशिक वा पूर्ण रुपले भुक्तानी माग गर्न सक्नेछ ।

(२) शेयर वापत कम्पनीले माग गरेका रकमहरु निर्धारित समयमा शेयरधनीले बुझाउनु पर्नेछ।

(३) शेयर वापतको रकम माग गर्ने, माग गरेको रकम निर्धारित समयावधिभित्र बुझाउने, भुक्तानीको म्याद थप माग गर्ने तथा कम्पनीले म्याद दिने जस्ता कुराहरुको ब्यवस्था नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ ।

१०. <u>दायित्व सीमित हुने:</u> यस कम्पनीको कारोवारको सम्बन्धमा शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरीद गर्न कबुल गरेको शेयरको अंकित मुल्यसम्म मात्र सीमित रहनेछ।

तर कुनै शेयरधनी वा सञ्चालकले सो हैसियतमा तेस्रो पक्षसँग गरेको व्यक्तिगत जमानत सम्बन्धी सम्झौता बमोजिमको दायित्वको हकमा यो व्यवस्था लागू हुने छैन।

११. <u>अन्य आवश्यक कुराहरु:</u> (१) कम्पनीको संस्थापना गर्दा लागेको खर्च कम्पनीले नै व्यहोर्ने छ।

(२) संस्थापक वा अन्य कुनै व्यक्तिले शेयरको रकम कम्पनीको बैंक खातामा जम्मा गर्नु पर्नेछ।

(३) कम्पनीले कारोवार शुरु गर्दाको बखतमा संस्थापक वा अन्य कुनै व्यक्तिबाट कुनै सम्पत्ति प्राप्त गरेको छैन।

(४) संस्थापक वा अन्य कुनै व्यक्तिले कम्पनीबाट कुनै विशेष सहुलियत वा अधिकार पाउने छैन।

(५) कम्पनीले प्रचलित कानूनले बन्देज लगाएका कार्यहरू गर्न पाउने छैन ।

(६) कम्पनीले जलविद्युत उत्पादन परियोजनामा लगानी गर्दा कम्तीमा २५ मेगावाट वा सो भन्दा बढीका मझौला तथा ठूला जलविद्युत उत्पादन परियोजनामा मात्र संस्थापक शेयरधनीका रुपमा शेयर लगानी तथा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा ऋण प्रदान गर्नेछ।

तर कम्पनीबाट लगानी भएका परियोजनाको प्रवर्द्धकबाट निर्माण गरिने सो परियोजनाको क्यास्केड (Cascade) परियोजनामा लगानी गर्दा वा कुनै परियोजनाको क्षमता वा उत्पादन अभिवृद्धि गर्ने योजना अनुसार निर्माण गरिने पूरक परियोजनामा लगानी गर्दा वा कम्पनी आफैले प्रवर्द्धन गरेको सहायक कम्पनी वा नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको सङ्गठित संस्था वा त्यस्तो संस्था मुख्य प्रवर्द्धक रहेको अन्य कुनै संस्थाद्वारा विकास गरिने परियोजनामा लगानी गर्दा यो व्यवस्था लागू हुने छैन।[१४]

---

[१४] दशौं संशोधन, २०७८ बाट संशोधन गरिएको।

१२. <u>कम्पनीको प्रकृति अनुरुप अन्य थप व्यवस्थाः</u> (१) मुलुकमा विद्यमान विद्युत संकटको दीर्घकालीन रुपमा समाधान खोज्ने रणनीति अन्तर्गत विशेष उद्देश्य सहित संस्थापित यो कम्पनीको पूँजीगत संरचना अन्य सङ्गठीत संस्थाको भन्दा बढी हुने र ठूलो पूँजीमा तत्काल अन्य बैंक संस्थापना भै हाल्ने सम्भावना नभएको हुँदा नेपाल सरकार र यसका निकायहरुको स्वामित्व रहने गरी यो कम्पनीको संस्थापना गरिएको छ।

(२) यो कम्पनीले जलविद्युत तथा नवीकरणीय ऊर्जासँग सम्बन्धित परियोजनामा मात्र लगानी गर्ने गरी नेपाली नागरिक, गैरआवासीय नेपाली, स्वदेशी÷विदेशी संस्थाले खरीद गर्न पाउने गरी सर्टिफिकेट अफ डिपोजिट जारी गर्ने र परियोजनामा ऋण प्रवाह गर्नका लागि उक्त कार्य प्रारम्भ गर्नु अघि नेपाल राष्ट्र बैंकबाट पूर्व स्वीकृति लिनेछ।

तर, प्रबन्धपत्रको दफा ५ मा उल्लेख गरिएका नेपाल राष्ट्र बैंकबाट स्वीकृति लिनुपर्ने कार्य बाहेक अन्य कार्य प्रारम्भ गर्ने गरी कम्पनी संस्थापना गर्नु अघि नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिन अनिवार्य हुने छैन।[१५]

(३) यो कम्पनी विशेष उद्देश्य प्राप्तिको लागि संस्थापना भएको हुँदा यसलाई उच्च दक्षतापूर्वक सञ्चालन गरिने छ। यस प्रयोजनका लागि यसको सञ्चालनमा उच्च सदाचारयुक्त पद्धति (हाइ इन्टिग्रिटी सिस्टम) अपनाइनेछ। यसको सञ्चालनमा प्रत्यक्ष वा अप्रत्यक्ष कुनै पनि किसिमको अप्राकृतिक तथा गैर कानूनी दबाव सह्य हुनेछैन।

(४) उपदफा (३) को उद्देश्य पूर्ति गर्ने प्रयोजनका लागि यसै प्रबन्धपत्रको अभिन्न अङ्ग हुने गरी कम्पनी सञ्चालनका नीतिगत आधारहरु तयार गरिएको छ। जसलाई यसको अनुसूचीमा समावेश गरिएको छ।[१६]

(५) कम्पनीको दैनिक कारोबार संचालनको प्रमुख जिम्मेवारी प्रमुख कार्यकारी अधिकृतको हुनेछ। कार्यकारी प्रमुख र निजभन्दा ठिक एकतहमुनिको कर्मचारी गरी दुवैको छनौट तथा नियुक्ति गर्दा एकजना कम्तीमा बैंकिङ्ग/आर्थिक/वित्तीय क्षेत्रको ख्यातिप्राप्त अनुभवी र एकजना कम्तीमा जलविद्युत क्षेत्रको ख्यातिप्राप्त अनुभवी विशेषज्ञ हुनेछन्। निजहरुको विशेष योग्यता नियमावली र कर्मचारी सेवा शर्त विनियमावली वा सम्झौतापत्रमा तोके बमोजिम हुनेछ।[१७]

१३. <u>प्रबन्धपत्र संशोधन भएमा लागु हुने अवस्थाः</u> यस प्रबन्धपत्रमा कम्पनीले कुनै संशोधन गर्नु पर्ने भएमा साधारण सभाबाट विशेष प्रस्ताव पारित गरी सो निर्णय कार्यालयमा अभिलेख भएपछि मात्र प्रबन्धपत्र

---

[१५] दशौं संशोधन, २०७८ बाट अनुसूची संशोधन गरिएको।

[१६] दशौं संशोधन, २०७८ बाट संशोधन गरिएको।

[१७] पाँचौ संशोधन, २०७२ बाट संशोधन गरिएको।

संशोधन भएको मानिनेछ।

१४. **प्रवन्धपत्र बाझिएको हदसम्म अमान्य हुनेः** यस प्रवन्धपत्रमा लेखिएका कुरा कम्पनी ऐन, २०६३ वा अन्य प्रचलित कानूनसँग बाझिएमा वाझिएको हदसम्म स्वतः बदर हुनेछ।

१५. **संस्थापकहरुले तत्काल लिन कबुल शेयर संख्याः** हामी हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडका संस्थापकहरुले यो कम्पनी संस्थापना गरी प्रचलित कानून बमोजिम सञ्चालन गर्न मञ्जुर गरेका छौं। यो प्रबन्धपत्रमा उल्लेखित हाम्रो नाम, ठेगाना, हस्ताक्षर, हामीले लिन कबुल गरेको शेयर र साक्षी सम्बन्धी व्यहोरा ठीक साँचो हो। कुनै कारणले झुट्टा ठहरिन गएमा कम्पनी दर्ता पश्चात् सिर्जना हुने दायित्व व्यहोर्न हामी तयार छौं। यो प्रबन्धपत्रमा लेखिएका कुरा साँचो हो झुट्टाठहरे कानून बमोजिम सहन बुझाउन मञ्जुर छौं भनी सहिछाप गरेका छौं:[१८]

| संस्थापकको नाम, ठेगाना र सहिछाप | बाबु/ पतिको नाम | नागरिकताको प्रमाणपत्र नं. र नागरिकता प्राप्त गरेको जिल्ला/विदेशी भए राहदानी नं. | लिन कबुल गरेको शेयर संख्या | साक्षीको नाम, थर, ठेगाना र सहिछाप | साक्षीको नागरिकताको प्रमाणपत्र नं. र जिल्ला |
|---|---|---|---|---|---|
| द.<br>नामः नेपाल सरकार, अर्थ मन्त्रालयका तर्फबाट...<br>ठेगानाः काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका, सिंहदरबार, वडा नं.... ब्लक नं. ...... फोन नं... फ्याक्सः.. इ–मेलः.. पो.ब.नं...<br>दा. बा. | | | ४,४०,००,००० । | द.<br>नामः<br>ठेगानाः...........<br>जिल्ला.........<br>नगरपालिका/ गा.वि.स....<br>वडा नं. ........<br>ब्लक नं..........<br>दा. बा. | |
| द.<br>नामः नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका तर्फबाट...<br>ठेगानाः काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका, सिंहदरबार, वडा नं.... ब्लक नं. ...... फोन नं... फ्याक्सः.. इ–मेलः.. पो.ब.नं... | | | २,२०,००,००० । | द.<br>नामः<br>ठेगानाः...........<br>जिल्ला.........<br>नगरपालिका/ गा.वि.स....<br>वडा नं. ........<br>ब्लक नं..........<br>दा. बा. | |

[१८] तेस्रो संशोधन, २०७० बाट संशोधन गरिएको।

| | | | | | |
|---|---|---|---|---|---|
| दा. बा. | | | | | |
| द.<br>नामः नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका तर्फबाट...<br>ठेगानाः काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका, सिंहदरबार, वडा नं.... व्लक नं. ...... फोन नं... फ्याक्सः.. इ–मेलः.. पो.ब.नं...<br>दा. बा. | | | २,२०,००,००० । | द.<br>नामः<br>ठेगानाः...........<br>जिल्ला.........<br>नगरपालिका/ गा.वि.स....<br>वडा नं. ........<br>ब्लक नं..........<br>दा. बा. | |
| द.<br>नामः नेपाल सरकार, महालेखा नियन्त्रक कार्यालयका तर्फबाट...<br>ठेगानाः काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका, अनामनगर, वडा नं.... व्लक नं. ...... फोन नं... फ्याक्सः.. इ–मेलः.. पो.ब.नं...<br>दा. बा. | | | २,२०,००,००० । | द.<br>नामः<br>ठेगानाः...........<br>जिल्ला.........<br>नगरपालिका/ गा.वि.स....<br>वडा नं. ........<br>ब्लक नं..........<br>दा. बा. | |
| द.<br>नामः कर्मचारी सञ्चय कोषका तर्फबाट...<br>ठेगानाः ललितपुर जिल्ला ललितपुर उपमहानगरपालिका, पुल्चोक, वडा नं.... व्लक नं. ...... फोन नं. ५०१०१२९, ५०१०१८० फ्याक्सः.. इ–मेलः.. पो.ब.नं... | | | १,१०,००,००० । | द.<br>नामः<br>ठेगानाः...........<br>जिल्ला.........<br>नगरपालिका/ गा.वि.स....<br>वडा नं. ........<br>ब्लक नं..........<br>दा. बा. | |

| | | | | | |
|---|---|---|---|---|---|
| दा. बा. | | | | | |
| द.<br>नामः राष्ट्रिय बीमा संस्थानका तर्फबाट...<br>ठेगानाः काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका, रामशाहपथ, वडा नं.... ब्लक नं. ...... फोन नं... फ्याक्सः.. इ–मेलः.. पो.ब.नं...<br>दा. बा. | | | १,१०,००,००० । | द.<br>नामः<br>ठेगानाः...........<br>जिल्ला.........<br>नगरपालिका/<br>गा.वि.स....<br>वडा नं. ........<br>ब्लक नं..........<br>दा. बा. | |
| द.<br>नामः नागरिक लगानी कोषका तर्फबाट...<br>ठेगानाः काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका, पुतलीसडक, वडा नं.... ब्लक नं. ...... फोन नं. ४२२८७५९, ४२४०५९८ फ्याक्सः.. इ–मेलः cit@htp.com.np<br>पो.ब.नं. ५८२३<br>दा. बा. | | | १,१०,००,००० । | द.<br>नामः<br>ठेगानाः...........<br>जिल्ला.........<br>नगरपालिका/<br>गा.वि.स....<br>वडा नं. ........<br>ब्लक नं..........<br>दा. बा. | |

इति संवत् २०६८ साल असार महिना ... गते रोज .... शुभम् । ————————————

## अनुसूची

(प्रबन्धपत्रको दफा (१२) को उपदफा (४) सँग सम्बन्धित)

## हाईड्रोइलेक्ट्रीसिटी ईन्भेष्टमेन्ट एण्ड डेभलपमेण्ट कम्पनी लिमिटेड

## कम्पनी सञ्चालनका नीतिगत आधारहरु [१९]

विद्युतीय ऊर्जाको आन्तरिक मागलाई पूर्ति गर्दै विद्यमान विद्युतीय उर्जा संकट निवारण गर्न जलविद्युत आयोजनाको कार्यन्वयन, निर्माण एवं सञ्चालनका लागि पूँजीको उपलब्धता र परिचालन सरल, सहज तथा प्रभावकारी रुपमा ऋण प्रवाह गरी लगानी व्यवस्थापनका लागि तत्काल केही गर्न बाञ्छनीय भएकोले नेपाल सरकारको अग्रसरतामा एउटा छुट्टै जलविद्युत लगानी तथा विकास कम्पनी को रुपमा वि.सं. २०६८ सालमा यस कम्पनीको स्थापना गरिएको हो।

कम्पनी स्थापना गर्दाका वखत निर्धारण गरिएका कम्पनी सञ्चालनका नीतिगत आधारहरुलाई समसामयिक परिमार्जन एवम् अद्यावधिक गर्दै लैजाने क्रममा देहायका प्रमुख नीतिगत आधारहरु निर्धारण गरिएको छः

**(क) लगानी योग्य कोष परिचालन र उपयोग सम्बन्धी व्यवस्थाः**

१. लगानी योग्य कोष परिचालन गर्दा आफ्नो शेयर पूँजी, स्वदेशी ऋणपत्र जारी गरी प्राप्त गर्ने ऋण र विदेशी संस्थाबाट प्राप्त गर्ने ऋण एवं अनुदानका माध्यमबाट गरिनेछ।

२. कम्पनीले संस्थापनाको लागि निवेदन दिई दर्ता प्रमाणपत्र प्राप्त गरिसकेपछि देहायका कार्य प्रारम्भ गर्नु अघि प्रचलित कानुन बमोजिमका नियमनकारी निकायबाट स्वीकृति पाउनका लागि अनुरोध गर्नेछ। सो स्वीकृति प्राप्त गरे पश्चात् मात्र ती कार्यहरु प्रारम्भ गर्नेछः

  २.१ नेपाली नागरिक तथा गैर आवासीय नेपालीहरु कम्तीमा १० लाख रुपैंयाका दरले तथा विदेशी वा स्वदेशी संगठित संस्थाबाट कम्तीमा नेपाली रुपैंया १ करोडका दरले ५ वर्ष वा सो भन्दा बढी अवधिको लागि सर्टिफिकेट अफ डिपोजिट जारी गरी वा अन्य कुनै किसिमको ऋणपत्र वा वण्ड वा डिवेन्चर जारी गरी दीर्घकालीन श्रोत परिचालन गर्ने।

  २.२ सङ्गठित संस्थाहरुलाई एक करोड रुपैंया र सो भन्दा बढी रकमको सर्टिफिकेट अफ डिपोजिट जारी गरी पूँजी परिचालन गर्ने।

  २.३ बैंक वा वित्तिय संस्थाहरु मार्फत जलविद्युत तथा नवीकरणीय ऊर्जासँग सम्बन्धित परियोजनामा लगानी गर्नका लागि त्यस्ता वैंक वा वित्तिय संस्थाहरुलाई थोक ऋण (अनलेण्डिङ्ग) उपलब्ध गराउने वा सहवित्तीयकरणमा सहभागी हुने।

  २.४ जलविद्युत तथा नवीकरणीय ऊर्जासँग सम्बन्धित परियोजनालाई पच्चीस करोड रुपैंया र सोभन्दा

---

[१९] दशौं संशोधन, २०७८ बाट संशोधन गरिएको।

बढीको प्रत्यक्ष ऋण प्रवाह गर्ने।

३. कम्पनीले शेयर लगानी गरेको विद्युत परियोजनामा कुनै प्रकारको ऋण (प्रत्यक्ष वा अप्रत्यक्ष) प्रवाह र ऋणपत्र मा लगानी गर्ने छैन। तर कम्पनी आफैले प्रवर्द्धन गरेको सहायक कम्पनी वा संयुक्त उपक्रम कम्पनी वा नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको संगठित संस्था वा त्यस्तो संस्था मुख्य प्रवर्द्धक रहेको अन्य कुनै संस्थाद्वारा विकास गरिने परियोजना भएमा त्यस्ता परियोजनाहरुमा शेयर तथा ऋण लगानी दुवै गर्न बाधा पर्ने छैन।

४. कम्पनीले परियोजनामा ऋण प्रवाह गर्दा वा वण्ड, डिवेन्चर वा ऋणपत्रमा लगानी गर्दा कम्पनीको कुल पूँजी कोष २५ प्रतिशतसम्म मात्र लगानी गर्न सक्नेछ। तर कम्पनी आफैले प्रवर्द्धन गरेको सहायक कम्पनी वा सयुक्त उपक्रम कम्पनी वा नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको संगठित संस्था वा त्यस्तो संस्था मुख्य प्रवर्द्धन रहेको अन्य कुनै संस्था द्वारा विकास गरिने परियोजना भएमा त्यस्ता परियोजनाहरुमा कुल पूँजी कोषको ५० प्रतिशतसम्म लगानी गर्न सक्नेछ ।[२०]

५. कम्पनीले कुनै परियोजना सम्वद्ध कम्पनीको शेयर लगानी गर्दा सम्बन्धित कम्पनीको चुक्ता पूँजीको बढीमा २० प्रतिशत वा कम्पनीको कुल पूँजीकोषको २५ प्रतिशतमा नबढाई लगानी गर्नेछ। तर कम्पनी आफैले प्रवर्द्धन गरेको सहायक कम्पनी वा संयुक्त उपक्रम कम्पनी वा नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको संगठित संस्था वा त्यस्तो संस्था मुख्य प्रवर्द्धक रहेको अन्य कुनै संस्थाद्वारा विकास गरिने परियोजनामा शेयर लगानी गर्दा सम्बन्धित कम्पनीको चुक्ता पूँजीको २० प्रतिशत भन्दा बढी लगानी गर्न सक्ने छ।

६. परियोजनामा ऋण प्रवाह गर्दा ऋण र स्वपूँजीको अनुपात सञ्चालक समितिले तोके बमोजिम हुनेछ।

७. कम्पनीले कूल पूँजी कोषको अधिकतम ५ प्रतिशत रकम तरल सम्पत्तिको रुपमा राख्न सक्नेछ।

८. कम्पनीले कुनै पनि सार्वजनिक कम्पनीले निर्माण गर्ने आयोजनामा प्रवाह गरेको ऋण रकमको सम्पूर्ण अंश वा केही अंश आयोजना सम्पन्न भई सञ्चालनमा आएपछि निश्चित मापदण्डको आधारमा शेयरमा परिणत (Mezzanine Financing) गर्न सक्नेछ ।

**(ख) ब्याजदर सम्बन्धी व्यवस्थाः**

१. कम्पनीबाट बैंक तथा वित्तीय संस्थासँगको सहवित्तीयकरण वा समूहमा ऋण लगानी गर्दा प्राप्त गर्ने ब्याजदर कर्जा सम्झौताको अधिनमा रही ब्याजदर सम्बन्धी नेपाल राष्ट्र बैंकले तोकेको मापदण्ड एवम् ऋण प्रदायक संस्थाहरुको सहवित्तीयकरण/समूहको निर्णय अनुसार निर्धारण गरिनेछ।

२. कम्पनीबाट प्रत्यक्ष रुपमा परियोजनामा ऋण लगानी गर्दा वा वैंक मार्फत थोक कर्जा (अनलेण्डिङ्ग)

---

[२०] एघारौ संशोधन, २०७९ बाट संशोधन गरिएको।

प्रवाह गर्दा प्राप्त गर्ने ब्याजदर सञ्चालक समितिबाट स्वीकृत ब्याजदर सम्बन्धी नीतिगत मापदण्ड बमोजिम निर्धारण गरिनेछ।

३. ब्याजदर सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुनको अधिनमा रही आवश्यकता अनुसार निर्धारण गरिनेछ।

(ग) **संस्थागत सुशासन सम्बन्धी व्यवस्थाः**

१. कम्पनीमा संस्थागत सुशासनको प्रवर्द्धन गर्न सञ्चालक स्तरीय लेखा परीक्षण समिति, जोखिम व्यवस्थापन समिति, मानव संशाधन तथा सेवा सुविधा समिति लगायत कार्य क्षेत्रगत शर्तहरु तोकी आवश्यकता अनुसार समितिहरु गठन गरिनेछ।

२. सञ्चालक समितिले कम्पनीको दैनिक कार्य सञ्चालन तथा व्यवस्थापन, स्रोत परिचालन, लगानी, असूली, लेखा आदि सम्बन्धमा राष्ट्रिय तथा अन्तरराष्ट्रिय असल अभ्यासहरुको अनुसरण गर्दै आवश्यक नीति तथा कार्यविधिहरु तयार गरी लागू गर्नेछ।

३. कम्पनीले नियामक निकाय एवम् नेपाल सरकारबाट प्राप्त निर्देशनको पूर्ण पालना गर्नेछ। त्यस्तो निर्देशनको कार्यान्वयनको लागि सञ्चालक समितिले आवश्यकता अनुसार कार्यविधिहरु तयार गरी लागू गर्नेछ।

(घ) **कार्यकारी प्रमुख एवं कर्मचारी सम्बन्धी व्यवस्थाः**

१. प्रमुख कार्यकारी अधिकृतको योग्यता, छनौट तथा नियुक्ति प्रक्रिया कम्पनीको प्रवन्धपत्र र नियमावली बमोजिम हुनेछ। तर प्रवन्धपत्र तथा नियमावलीमा जुनसुकै कुरा लेखिएको भएता पनि प्रचलित कानून र नेपाल सरकारवाट जारी भएका गठन आदेश, निर्देशिका आदिमा सार्वजनिक संस्थानको प्रमुख कार्यकारी अधिकृत नियुक्ति सम्वन्धी छुट्टै ब्यवस्था गरिएमा सोही वमोजिम प्रमुख कार्यकारी अधिकृत नियुक्ति गर्नु पर्नेछ।

२. बहालवाला सञ्चालकले कम्पनीको प्रमुख कार्यकारी अधिकृतको पदमा आवेदन दिन पाउने छैन।

३. कर्मचारीको नियुक्ति तथा सेवाका शर्तहरु लोक सेवा आयोगको परामर्शमा सञ्चालक समितिबाट स्वीकृत कर्मचारी विनियमावली बमोजिम हुनेछ।

४. कम्पनीका प्रमुख कार्यकारी अधिकृत तथा कर्मचारीमा पूर्ण व्यावसायिक दक्षता र उच्च मनोबल कायम गर्दै लक्षित उद्देश्य प्राप्ति प्रति जवाफदेही र जिम्मेवार बनाईने छ।

(ङ) **व्यवस्थापन करार तथा कोष व्यवस्थापक सम्बन्धी व्यवस्थाः**

१. कम्पनीको सञ्चालन तथा व्यवस्थापन सुदृढ, प्रभावकारी एवं निष्पक्ष रुपमा गर्नका लागि कम्पनीको सञ्चालक समितिले आवश्यक र उपयुक्त देखेमा यस्तो प्रकारको कम्पनी सञ्चालनमा विशेषज्ञता हासिल

गरेका स्वदेशी वा विदेशी दक्ष क्षमतावान व्यक्ति, समूह वा संघ/संस्थालाई कम्पनीको व्यवस्थापनको सम्पूर्ण वा केही कामका लागि करारमा नियुक्त गर्न सक्नेछ।

२. व्यवस्थापन करार गर्दा उचित शर्तहरुको आधारमा स्वदेशी वा विदेशी संघ/संस्था, विशेषज्ञ वा अन्य कुनै दक्ष व्यक्तिसंग कोष व्यवस्थापक (फण्ड म्यानेजर) को रुपमा व्यवस्थपन सम्झौता गरी उक्त कोष व्यवस्थापनलाई कम्पनीको पूर्ण सञ्चालन वा व्यवस्थापन गर्न जिम्मा दिन सक्नेछ।